# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०८०/०८१, बैठक नं १)

मिति : २०८० साल साउन २५ गते

**प्रस्तावहरु:**

१. बिगतको कार्यपालिकाको निर्णय समीक्षा तथा खर्च अनुमोदन सम्बन्धमा
२. वार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा
३. शाखागत वार्षिक कार्ययोजना निर्माण गर्ने सम्बन्धमा
४. जिल्ला दररेट स्वीकृत गर्ने सम्बन्धमा
५. आ.व. २०८०/०८१ को आय ठेक्काको सूचना प्रकाशन सम्बन्धमा
६. फोहरमैला व्यवस्थापन सम्बन्धमा
७. निवेदक हरि कुमार श्रेष्ठ प्रतिपक्षी बेनी नगरपालिका समेत भएको मुद्दाको वारेश सम्बन्धमा
८. उपमेयरसँग आमा समूह कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा
९. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालन गरिने योजना पेश गर्ने सम्बन्धमा
१०. लघुउद्यम विकास कार्यक्रम तर्फको वडा छनौट सम्बन्धमा
११. भुक्तानी गर्न बाँकी रकम भुक्तानी सम्बन्धमा
१२. रिक्त कर्मचारीहरुको पदपूर्तिको सूचना प्रकाशन सम्बन्धमा
१३. वडामा कार्यरत कर्मचारीहरुलाई मासिक प्रोत्साहन रकम सम्बन्धमा
१४. विविध

**निर्णयहरु :**

१. बेनी नगरपालिकाको गत आर्थिक वर्ष २०७९/०८० मा भए गरेका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । नगरपालिकाबाट भएका गत आ.व. मा भएका खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. बेनी नगरपालिकाको चालु आ.व. २०८०/०८१ का लागि तयार गरिएको खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो । योजनाहरुको कार्यान्वयनका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| सि नं | विवरण | समयावधि/रकम | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समितिबाट सञ्चालन गरिने योजना | रु १५ लाख रुपैयासम्मका | |
| २ | बोलपत्रका माध्यमबाट सञ्चालन गरिने योजना | रु १५ लाखभन्दा बढीका | |
| ३ | सबै वडामा उपभोक्ता समिति गठन गर्ने | २०८० असोज मसान्तसम्म | |
| ४ | सबै योजनाहरुको सम्झौता गर्ने कार्य | २०८० पौष मसान्तसम्म | |
| ५ | ५ लाख रुपैयाँसम्मका योजनाहरुको भुक्तानी | २०८० चैत्र मसान्तसम्म | |
| ६ | ५ लाखभन्दा बढी रकमका योजनाहरुको भुक्तानी | २०८१ बैशाख मसान्तसम्म | |

३. बेनी नगरपालिकाबाट चालु आ.व. २०८०/०८१ मा सञ्चालन गर्ने गरी छनौट एवं तर्जुमा गरिएका योजनाहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन सबै शाखाले आफ्ना कार्यक्रमहरुको वार्षिक कार्ययोजना तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. जिल्ला दररेट निर्धारण समितिको मिति २०८०/०३/३१ गतेको बैठकबाट आर्थिक वर्ष २०८०/८१ का लागि निर्माण सामाग्री, ढुवानी, मेशीन तथा उपकरणको भाडा, कामदारको ज्याला तथा अन्य विभिन्न सामाग्रीहरुको स्वीकृत दररेटलाई नै नगरपालिकाको तर्फबाट समेत स्वीकृत गरी गराई कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

५. बेनी नगरपालिकाको आन्तरिक आय उठाउने प्रयोजनका लागि चालु आर्थिक वर्षका लागि देहाय बमोजिमका आन्तरिक आयको ठेक्का बन्दोबस्तको कार्य अघि बढाउन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि नं | आय ठेक्का विवरण | न्यूनतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | विज्ञापन कर | रु १ लाख | |
| २ | कबाडी कर (डम्पिङ साइट बाहेक) | रु ७ लाख | |
| ३ | कबाडी कर (डम्पिङ साइटको मात्र) | रु २ लाख | |
| ४ | ढुङ्गा गिटी बालुवाको सूचना | प्रदेश सरकारको दररेट र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको परिमाण बमोजिम | |

६. बेनी नगरपालिकाको फोहरमैला संकलन तथा व्यवस्थापन गर्ने कार्य मिशन फर वेष्ट मेनेजमेन्ट नामक संस्थाबाट गरिदै आएकोमा हाल सो सेवाप्रदायक संस्थाले चालु आर्थिक वर्षमा समेत सेवा निरन्तरता दिन नसक्ने भनी जानकारी गराएकोले मासिक रु १ लाख ४५ हजार रुपैया शुल्क तिर्ने गरी चालु आ.व. को साउन देखि सेवा प्रदान गर्दै आएको कालीगण्डकी स्क्र्याप सेन्टर, बेनपा ६, म्याग्दीसँग ६ महिना अवधिका लागि सम्झौता गरी फोहरमैला संकलनको कार्य अघि बढाउने निर्णय गरियो ।

७. बेनी नगरपालिका वडा नं ९ गलेश्वरबाट फोहरमैलाको वर्गीकरण र संकलन गर्ने कार्यमा सघाउ पुर्याउँदै आएको गलेश्वर खानेपानी उपभोक्ता समितिबाट चालु आर्थिक वर्षमा समेत फोहरमैला शुल्क मासिक रु १० हजारमा नघट्ने गरी प्रतिघर ५० रुपैया (प्रतितला थप ५० रुपैया) का दरले राजश्व संकलन गरी नगरपालिकामा बुझाउने गरी आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

८. उच्च अदालत बाग्लुङमा विचाराधिन रहेको निवेदक हरी कुमार श्रेष्ठ विपक्षी बेनी नगरपालिका समेत रहेको मुद्दामा हालसम्म बेनी नगरपालिका प्रमुख सुरत केसीको तर्फबाट र बेनी नगर कार्यपालिकाकाको तर्फबाट एकैजना प्रतिनिधिका रुपमा रहने गरी बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सहायक चौथो दिपक

शर्मालाई तोकिएकोमा निजसँग गरिएको सेवा करारको म्याद समाप्त भएकोले निजको सट्टा यस कार्यालयका सहायक पाँचौ श्री लक्ष्मण पौडेललाई तोक्ने निर्णय गरियो।

९. बेनी नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन गर्ने गरी छनौट भएको उपमेयरसँग आमा समूह कार्यक्रम चालु आ.व. मा वडा नं २ र वडा नं १० मा सञ्चालन गर्ने निर्णय गरियो ।

१०.चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फबाट सञ्चालन गर्ने योजना सबै वडाहरुले सम्बन्धित शाखासँग समन्वय गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

११.चालु आर्थिक वर्षमा लघु उद्यम विकास कार्यक्रम तर्फका कार्यक्रम वडा नं ८ का अतिरिक्त सबै वडा समेट्ने गरी नगरपालिकामा सञ्चालन गर्ने निर्णय गरियो ।

१२.आ.व. २०७९/०८० मा विभिन्न कारणबाट भुक्तानी गर्न नसकिएका, छुट भएका योजना तथा कार्यक्रमहरुको म.ले.प.फा.नं २१ (साबिक फाराम नं १८) बमोजिमको रकम रु ९ लाख १३ हजार ६ सय ६७ रुपैयाँ चालु आर्थिक वर्षमा भुक्तानी गर्न आर्थिक प्रशासन शाखा र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यादेश दिने निर्णय गरियो ।

१३.बेनी नगरपालिका अन्तर्गत विभिन्न वडामा कार्यरत कार्यालय सहयोगीको पदपूर्ति सम्बन्धित वडा समितिमार्फत र नगरपालिकामा रिक्त रहेका देहायका पदहरु नगरपालिका मार्फत पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि नं | पद नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | का.स. (वडा नं ३) | १ | सम्बन्धित वडा समितिबाट छनौट गर्ने |
| २ | का.स. (वडा नं १०) | १ | सम्बन्धित वडा समितिबाट छनौट गर्ने |
| ३ | सामुदायिक परिचालक (वडा नं ५) | १ | नगरपालिकाबाट छनौट गर्ने |
| ४ | नगर प्रहरी सिपाही | २ | नगरपालिकाबाट छनौट गर्ने |
| ५ | हलुका सवारी चालक | १ | नगरपालिकाबाट छनौट गर्ने |

१४.बेनी नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई थप उत्प्रेरित बनाउन तेह्रौं नगरसभाबाट विनियोजित पर्यटन काज शीर्षक अन्तर्गतको रकमबाट चालु आर्थिक वर्षमा कार्यालयको कामकाजमा असर नपर्ने गरी २० जना कर्मचारी छनौट गरी विभिन्न चरणमा पर्यटन काजमा खटाउने र सो बापत जनही रु १० हजार उपलब्ध गराउने निर्णय गरियो ।

१५. बेनी नगरपालिकाको मिति २०८०/०३/२४ गतेको कार्यपालिका बैठकबाट करार समाप्त गरिएका कर्मचारीहरुमध्ये सहायक पाँचौ श्री युवराज आचार्य साबिक स्थानीय विकास कोष अन्तर्गतको कर्मचारी रहेको

र निजका नाममा साबिक जिल्ला विकास समितिबाट कर्मचारी कल्याण कोषमा प्राप्त भएको रकम यकिन गरी उपलब्ध गराउने निर्णय गरियो ।

१६.सिङ्गा चिस्यान केन्द्र व्यवस्थापन केन्द्र व्यवस्थापन उपभोक्ता समितिले सिङा स्थित चिस्यान केन्द्रको व्यवस्थापनका लागि आवश्यक थ्रि फेज लाइन व्यवस्थापन, टिओडी मिटर र फिटिङका अन्य आवश्यक सामाग्री खरिद गरी जडान गरे बापतको डि.डि.अर्डर एन्ड सप्लायर्सको तर्फबाट प्राप्त भएको कर सहितको कुल रकम रु ९० हजार ७ सय ५६ रुपैयाँ १४ पैसा बराबरको रकम नगरपालिका कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१७.बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्धनका लागि नगर उपप्रमुखज्यूको संयोजकत्वमा स्थानीय बाल अधिकार समिति गठन गर्ने निर्णय गरियो ।

१८.बेनी नगरपालिकामा कार्यरत वडा सचिव र वडामा कार्यरत प्राविधिक कर्मचारीहरुको मनोबल उच्च राख्न, दुर्गममा कार्यरत कर्मचारीहरुको उत्प्रेरणा अभिवृद्धिका लागि दैनिक तथा भ्रमण खर्चको सट्टा देहाय बमोजिम मासिक प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि नं | कर्मचारीको विवरण | प्रस्तावित प्रोत्साहन रकम (मासिक) | कैफियत |
|---|---|---|---|
| १ | वडा नं ७ र ८ मा कार्यरत सचिव एवं प्राविधिक कर्मचारी | रु ५५०० | |
| २ | वडा नं १, ४ र ६ मा कार्यरत सचिव एवं प्राविधिक कर्मचारी | रु ७००० | |
| ३ | वडा नं २, ५ र ९ मा कार्यरत सचिव एवं प्राविधिक कर्मचारी | रु ८५०० | |
| ४ | वडा नं ३ र १० मा कार्यरत सचिव एवं प्राविधिक कर्मचारी | रु १०००० | |

१९.आगामी असोज ३ र ४ गेत बेनीमा हुन गईरहेको जेसिजको राष्ट्रिय सम्मेलनमा नगरपालिका र सम्पूर्ण वडाहरुको तर्फबाट प्रतिनिधित्व गर्दै एकमुष्ट रु ३ लाख रुपैयाँ सार्वजनिक निजी साझेदारी कोषबाट खर्च व्यहोर्ने गरी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२०.सुरक्षित आप्रवासन सेवा केन्द्र सञ्चालनका लागि साबिकमा बमोजिम जिल्ला प्रशासन कार्यालयमा रहने स्वयंसेवकहरुको तलब सुविधा सबै पालिकाहरुले व्यहोर्ने भनी गरिएको सहमतीपत्र चालु आ.व. २०८०/०८१ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

२१.बेनपा १ स्थित आनन्दबगरमा अवैध उत्खनन् गरे बापत नेपाल प्रहरीको सहायतामा पक्राउ गरिएको व्यवसायी हर्क बहादुर क्षेत्रीलाई डोजर बापतको रकम पहिलो पटकका लागि रु ५० हजार र दोश्रो पटकका लागि रु १ लाख जरिवाना लगाईएको तर उक्त स्थानमा जफत गरिएको निर्माण सामाग्रीको मूल्य दाखिला गरेको नपाईएकोले सम्बन्धित व्यवसायीलाई पत्राचार गरी प्रहरी प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाण बराबरको रकम दाखिला गर्न लगाउने निर्णय गरियो ।

२२.उपभोक्ताहरुको हितलाई ध्यानमा राखी नागरिकहरुले सुपथ मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितताका लागि बेनी नगरपालिकास्थित बिभिन्न बजारहरुको नियमित अनुगमन गर्न बजार अनुगमन कार्यविधि बमोजिमको समितिलाई सक्रिय बनाई बजार अनुगमनलाई नियमित एवं प्रभावकारी बनाउने निर्णय गरियो ।

२३.सार्वजनिक जग्गा भाडादर निर्धारण तथा राजश्व बक्यौता असुल उपर समितिको मिति २०८०/०४/२४ गतेको बैठकबाट भएका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३